# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाघखोर, नुवाकोट

बाग्मती प्रदेश, नेपाल ।

प.सं : २०७७२०७८
च.नं :

मिति : २०७७।०९।११

## सुपरिवेक्षक तथा गणक आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०७७/०९/११)

गरिव पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ तथा नेपाल सरकार भूमि, व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च. नं. ४० मिति २०७७/०८/१४ गते प्राप्त पत्रानुसार गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण प्रयोजनको लागि यस आ.व. २०७७/०७८ मा कार्यक्रम संचालन गर्न यस नगरपालिकामा सुपरिवेक्षक तथा गणक पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल वमोजिम योग्यता पुगेका १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिकबाट यस नगरपालिकाको मिति २०७७/०९/०९ को निर्णयानुसार दरखास्त आवहान गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | माग पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १ | १२/२०७७/०७८ | सुपरिवेक्षक | १ | रु ७०० |
| २ | १३/२०७७/७८ | गणक | ७ | रु ५०० |

**सुपरिवेक्षक लागि न्यूनतम योग्यता :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

ख) यस नगरपालिकाको स्थानीय वासिन्दालाई प्राथमिकता दिइनेछ ।

**गणकको लागि न्यूनतम योग्यता :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

ख) यस नगरपालिकाको स्थानीय वासिन्दालाई प्राथमिकता दिइनेछ ।

**दरखास्त संग संलग्न गर्नुपर्ने कागजातहरु :**

१) नेपाली नागरिकताको प्रतिलिपि , व्यक्तिगत विवरण (CV/ Bio –Data) ।
२) शैक्षिक योग्यताको प्रतिलिपि ।
३) चारित्रिक प्रामाणपत्रको प्रतिलिपि ।
४) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
५) कम्प्युटर सम्बन्धी ज्ञान/ तालिम सम्बन्धी कागजात प्रमाणपत्र प्रतिलिपि ।

**सेवा सुविधा :** गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम ।

**छनौट प्रक्रिया :** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन गरी अन्तर्वार्ता लिइनेछ । अन्तर्वार्ता मिति पछी तोकिनेछ ।

**दरखास्त दिने अन्तिम मिति, समय र स्थान :** २०७७/०९ /१७ गते सम्म कार्यालय समय भित्र, बेलकोटगढी नगरपालिकाको कार्यालय । वा सानिमा बैंक लिमिटेडमा रहेको स्थानीय संचित कोषको खाता नं. ०४१०१००४०००००९२ मा आवेदन दस्तुर बुझाएको भौचर सहितको संलग्न गर्नुपर्ने कागजातहरु यस नगरपालिका कार्यालयको इमेल ठेगाना belkotgadhinagarpalika@gmail.com मार्फत समेत पठाउन सकिनेछ ।

**थप जानकारीको लागि :** अधिकृत सातौं श्री शिवराम अधिकारी , ९८४११२९३८३

शिवराम अधिकारी
अधिकृत (सातौं)

**नोट :** दरखास्त फाराम यस नगरपालिका कार्यालयको प्रशासन योजना तथा अनुगमन शाखा वा नगरपालिकाको वेबसाइट www.belkotgadhimun.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।